१९. पेशागत अनुमतिपत्र पालना गर्नुपर्नेः कुनै शिक्षक-कर्मचारी आफ्नो पदीय कर्तव्य निर्वाह गर्दा कुनै अनुमतिपत्र लिनुपर्ने रहेछ भने त्यस्तो शिक्षक-कर्मचारीले त्यस्तो अनुमतिपत्रका शर्तहरु पालना गर्नुपर्नेछ।

२०. गुणस्तरीय रुपमा कार्यसम्पादन गर्ने : (१) शिक्षक-कर्मचारीले आफूलाई सुम्पिएको जिम्मेवारी इमान्दारिताका साथ आफ्नो क्षमताले भ्याएसम्म गुणस्तरीय रुपमा सम्पन्न गर्नुपर्नेछ।

(२) शिक्षक-कर्मचारीले आफूले सम्पादन गरेको कामको जिम्मेवारी लिनुपर्नेछ। तर कानून बमोजिम गरिएको कामको बारेमा निजलाई कुनै कारबाही गरिनेछैन।

(३) शिक्षक-कर्मचारी नेपाल सरकार वा अन्य कुनै निकायलाई राय सल्लाह दिंदा निष्पक्षता एवं इमान्दारिताको साथ सोधिएका सबै विषयमा कानून सम्मत हुने गरी दिनुपर्नेछ।

२१. व्यावसायिक मापदण्डको पालना : कुनै पेशा वा कार्यका सम्बन्धमा कायम रहेका नैतिक मापदण्ड समेत त्यस्ता पेशा वा क्षेत्रमा कार्यरत शिक्षक-कर्मचारीले पालना गर्नुपर्नेछ।

२२. निर्देशनको पालना गर्नुपर्ने : शिक्षक-कर्मचारी सरकारी वा विद्यालयको कामको सम्बन्धमा प्रधानाध्यापकले दिएको निर्देशनलाई शीघ्रताका साथ पालना गर्नुपर्नेछ।

२३. आर्थिक अनुशासन र सदाचारिता : (१) शिक्षक-कर्मचारीले आफ्नो काम कारबाही आर्थिक रुपमा मितव्ययी तथा किफायतपूर्वक गर्नुपर्नेछ।

(२) शिक्षक-कर्मचारी आफू वा आफ्नो परिवारका सदस्यबाट समेत सरकारी कोष वा सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना, वेवास्ता र दुरुपयोग गर्न, गराउन हुँदैन।

(३) शिक्षक-कर्मचारी सरकारी वा सार्वजनिक सम्पत्ति अनधिकृत रुपमा कुनै पनि राजनीतिक दल वा राजनीतिक दलका भातृसङ्गठन वा त्यस्ता दल वा भातृसङ्गठनका कार्यक्रमका लागि प्रयोग गर्न दिन हुँदैन।

परिच्छेद–४ आचरण विपरित नहुने

२४. आचरण विपरितको कार्य गरेको नमानिने : यस आचार संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कार्यलाई यस आचार संहिताको आचरण विपरितका कार्य मानिनेछैनः–

(क) विद्यालय समय बाहेक विद्यालयको काम कारबाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी आफूले विशेषज्ञता हासिल गरेको विषयमा लिखित वा मौखिक प्रवचन दिने तथा पूर्व स्वीकृति लिई अध्ययन तथा अध्यापन गर्ने,

(ख) साहित्य, कला, संस्कृति, खेलकूद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी र पेशागत एवं सामाजिक संस्थाहरुमा सदस्य हुन र त्यस्ता मञ्चहरुमा सहभागी हुने,